**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग**
**पुराना काम नलाग्ने सामान लिलामको सिलबन्दी बोलपत्र आव्हानको सूचना**
पुनः प्रकाशित मिति: २०७२/०४/१२

यस बैंकका देहाय वमोजिमका पुराना काम नलाग्ने सामानहरु जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गनु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना पुनः प्रकाशित भएको मितिले **८ (आठ)** दिनभित्र बोलपत्र फारम खरिद गरी ९ (नवौं) औं दिनको १२:०० भित्र (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| समुह | सामानको विवरण | न्युनतम् मुल्य | धरौटी रकम |
|---|---|---|---|
| २ | 2' 5"× 8, 8' 3" × 8' & 4' 8" × 8' साइजका अनुमानित १० एम.एम. मोटाई भएका करिव १२० थान फलामका सिटहरु करिव ३०,००० किलोग्राम | प्रति केजी. रु.५०।०० | रु.७५,०००।०० |

(१) सिलबन्दी बोलपत्र मिति **२०७२ श्रावण २०** गते दिनको **१:००** बजे नेपाल राष्ट्र बैंक सामान्य सेवा विभाग बालुवाटारमा खोलिनेछ ।

(२) बोलपत्र साथ बोलपत्र जमानत वापत माथिको तालिका बमोजिमको धरौटी रकम काठमाडौं बैंकिङ्ग कार्यालय बालुवाटार स्थित हि.नं. ११०९९०१-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र बोलपत्र फारममा तोकिएको रकम जम्मा गरी सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्ध गरी धरौटी वापत् जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फारम वापत **रु.१,०००।०० (एक हजार मात्र)** (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

(५) यो सूचनामा उल्लेख भएका फलामका सिटको तौल एकिन हुन नसकेकोले सोका लागि प्रति किलोग्रामको दररेट उल्लेख गरी बोलपत्र पेश गर्नु पर्नेछ । सबैभन्दा बढी दररेट कबोल गर्ने बोलपत्रदातासंग सम्झौता भएपछि धर्मकांटामा लगि वास्तविक तौल यकिन गरी लिलाम विक्री मूल्य कायम गरिनेछ । धर्मकांटासम्म लैजाने ढुवानी खर्च लगायतका अन्य खर्चहरु बोलपत्रदाता स्वयंले ब्यहोर्नु पर्नेछ ।

(६) यो सूचना बमोजिमका सामानहरु हेर्न/बुझ्न चाहनेले शुक्रबार दिनको **१** बजे भित्र र अन्य दिन दिनको **४** बजे भित्र यस विभागको स्टार फाँटमा सम्पर्क राख्न सक्नेछ ।

(७) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छूक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(८) यस सम्बन्धी सूचना नेपाल राष्ट्र बैंकको वेबसाइट www.nrb.org.np मा समेत हेर्न सकिनेछ ।